# लक्ष्य होल्डिङ्गस लिमिटेडको निर्वाचन आचार संहिता - २०८२

मिति २०८२ पौष १२ गते शनिवार सम्पन्न हुने लक्ष्य होल्डिङ्गस लिमिटेडको चौथो बार्षिक साधारण सभामा परिच्छेद ४ को दफा २७ अनुसार सम्पन्न हुने सञ्चालक समितिको निर्वाचन प्रयोजनका लागि निर्वाचन समितिको कार्यालयद्वारा जारी गरिएको आचार संहिता ।

१) यो आचार संहिता लक्ष्य होल्डिङ्गस लिमिटेडमा आवद्ध साधारण सभाको मतदान प्रयोजनमा सहभागि हुने प्रोक्सी तथा शेयर सदस्यहरूको लागि पूर्ण रूपमा लागु हुनेछ ।

२) लक्ष्य होल्डिङ्गस लिमिटेडको चौथो वार्षिक साधारण सभामा हुन गइरहेको निर्वाचनमा मतदान गर्ने तथा उम्मेदवार हुन सक्ने सदस्य भई अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको तथा लक्ष्य होल्डिङ्गस कम्पनी लिमिटेडको नियमावली २०७८ को दफा २८ बमोजिम योग्यता पुगेको हुनु पर्नेछ ।

३) लक्ष्य होल्डिङ्गस लिमिटेडको नियमावली २०७८ को नियम २७ बमोजिम ५ सदस्यीय सञ्चालक समितिको निर्वाचन हुनेछ र सोहि ५ जना निर्वाचितहरु मध्येवाट एक जना सञ्चालक अध्यक्षको रुपमा आपसी सहमती वा निर्वाचन प्रकृयावाट अध्यक्षको चयन हुनेछ । यसै गरी कम्पनीको नियमावली २०७८ को नियम २७ (२) वमोजिम एक जना स्वतन्त्र सञ्चालक आवश्यकतानुसार सञ्चालक समितिले पछि चयन गर्नेछ ।

४) सञ्चालक पदमा उम्मेदवारीका लागि कम्पनीको नियमावली २०७८ को नियम २८ मा व्यवस्था भए वमोजिम १००० कित्ता शेयर आफ्नो नाममा रहेको हुनु पर्नेछ र सञ्चालक पदमा उम्मेदवारी दर्ता गर्दा हालको सञ्चालक समितिको सहमति बमोजिम प्रत्येक सञ्चालक पदको लागि रु.७,०००।-( अक्षरेपी सात हजार मात्र) उम्मेदवारी शुल्क बुझाउनु पर्नेछ ।

५) उम्मेदवारी दर्ताका बखत उम्मेदवारी दर्ता फाराम दर्ता भएको क्रम नम्बर अनुसार उम्मेदवारको नाम मतदान पत्रमा क्रममा रहनेछ । उम्मेदवारी दर्ता गर्दा उम्मेदवारी फाराममा अन्तिम मतदाता नामावलीमा रहेका सदस्यहरुबाट एक जना समर्थक र एक जना प्रस्तावकले सहीछाप गरेको हुनुपर्नेछ र एक जना उम्मेदवारको प्रस्तावक र समर्थक भएको सदस्य अन्य उम्मेदवारकोमा प्रस्तावक र समर्थक भई सहीछाप गर्न पाउने छैनन ।

६) मतदान गोप्य रूपमा हुनेछ । आफूले मतदान गर्न चाहेको उम्मेदवारको नामको पछाडि रहेको कोठामा कालो मसिले (✓) टिक चिन्ह मात्र लगाउनु पर्नेछ । टिक (✓) चिन्ह बाहेक अन्य संकेत हस्ताक्षर वा अन्य कुनै चिन्ह लगाए वा नलगाएमा मतपत्र स्वतः बदर हुनेछ ।

७) मतदान स्थलमा कुनै उम्मेदवार वा सदस्य उपर गाली गलौज एवं व्यक्तिगत आक्षेप लगाउन पाइने छैन ।

८) मतदान स्थलमा एवं कार्यक्रम संचालन हुने ठाउँमा अनावश्यक होहल्ला गर्न पाइने छैन ।

९) मतदान स्थलमा कुनै पनि किसिमको लागु पदार्थ एवं मादक पदार्थ सेवन गरी प्रवेश गर्न पाइने छैन ।

LAKSHYA
HOLDINGS LTD.

१०) मतदान गर्न आउँदा लक्ष्य होल्डिङ्गस लिमिटेडको शेयर सदस्यता खुल्ने शेयरधनी प्रमाण पत्र, नागरिकता वा अन्य परिचय खुल्ने फोटो सहितको कागजात अनिवार्य हुनु पर्नेछ ।

११) आफुलाई प्राप्त भएको मतपत्रको आधारमा गोप्य तरीकाबाट मतदान गर्न पाइने छ ।

१२) आफूले मतदान गरेको विषयमा कसैलाई कुनै पनि माध्यमबाट जानकारी गर्न / गराउन पाइने छैन ।

१३) कुनै पनि मतदातालाई आफूले चाहेको उम्मेदवारलाई मतदान गर्न पूर्ण स्वतन्त्रता हुनेछ ।

१४) मतदान स्थलमा मोबाईल क्यामरा जस्ता उपकरणहरु साथमा लैजान पाइने छैन ।

१५) कुनै पनि मतदातालाई प्रलोभन, डर, धाक धम्की वा प्रभावमा पारी मतदान गर्न लगाउन पाईने छैन ।

१६) मतदान प्रकृया शुरु भए पश्चात मतदान केन्द्रको आसपासमा कुनैपनि उम्मेदवारले वा उम्मेदवारको लागि मत माग्न पाइने छैन ।

१७) मतदान केन्द्रमा मतदानका क्रममा कुनै अप्रिय घटना हुन नदिन वा भएको खण्डमा प्रहरी प्रशासनको समेत सहायता लिन सकिने छ ।

१८) मतदान एवं मतगणना गर्ने क्रममा सम्पूर्ण उम्मेदवार स्वंयम उपस्थित वा निजको प्रतिनिधिको उपस्थितमा मतदान तथा मतगणना कार्य संचालन गरिने छ ।

१९) निर्वाचन सम्बन्धीका कार्यहरु निर्वाचन समितिले आफै व्यवस्थित गर्नेछ तर कुनै समस्या परेमा निवर्तमान सञ्चालक समिति सँग आवश्यक परामर्श गर्न सक्नेछ ।

२०) यो आचार संहिताको उल्लंघन भएमा, वा निर्वाचन समितिमा प्रमाण सहित लिखित उजुरी प्राप्त भएमा कसुरको मात्राका आधारमा उक्त कसुरको मात्रा हेरी सम्बन्धित उम्मेदवारलाई सचेत गराउने, स्पष्टीकरण लिने, वा उम्मेदवारी रद्दसम्म गर्न सक्ने अधिकार निर्वाचन समितिलाई रहनेछ ।

२१) उम्मेदवारहरुले प्राप्त गरेको मत परिणाम बराबर भएमा गोला प्रथाबाट निर्णय लिइने छ ।

२२) निर्वाचन सम्बन्धी कुनै विवाद उठेमा निर्वाचन समितिको निर्णय नै अन्तिम हुनेछ ।

निर्वाचन अधिकृत

अधिवक्ता भीमसेन रायमाझी

LAKSHYA
HOLDINGS LTD.